

# अध्याय -५

## परमेश्वरले गर्नुहुने इन्साफको बारेमा असल र खुशीको समाचार

**यस अध्यायका मूल पदहरू:** प्रकाश १४:७; भजन ५१:१-४; प्रकाश २०:१२; दानिएल ७:९,१४; प्रकाश ४:२-४ र प्रकाश ५:१-१२।



**यस अध्यायको मूल सार पदः "तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:७।**

बाइबलमा अरू कुराहरूमा भन्दा परमेश्वर न्यायमूर्ती हुनुहुन्छ भन्ने कुरामा स्पष्ट छ। यस संसारमा जतातते हेरौं अन्याय नै अन्यायले अड्डा जमाइरहेको छ। यसो हेर्दा अन्यायको अन्त्य कहिल्यै नहोला जस्तो छ। तर ढिलो वा चाँडो जसरी भएतापनि यस संसारमा न्याय हुनेनै छ। त्यो पनि न्यायमूर्ती परमेश्वर आफैको इजलासमा न्याय हुनेछ भनेर बाइबलले ठोकुवा गर्दछ। परमेश्वर सारा संसारको न्यायधिस हुनुहुन्छ (उत्पत्ति १८:२५; भजन ५८:११, भजन ९४:२, भजन ९८:९)। उहाँले अन्यायलाई सधैंभरी

टुलटुल हेरिरहनुहुनेछैन। परमेश्वरले गर्नुहुने न्यायमा पावलले यसरी ठोकुवा गर्छन्, "हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।" रोमी १४:१२।

झट्ट हेर्दा यो डरलाग्दो धारणा छ, होइन त? हामी सबैले हाम्रो दैनिक जीवनको क्रियाकलापको लेखाजोखा परमेश्वरलाई दिनुपर्छ रे। हाम्रो भित्री विवेकलाई जान्नु हुने परमेश्वरले "हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय गर्नुहुनेछ।" उपदेशक १२:१४।

हो, आखिरमा आएर न्यायले परमेश्वरको भलाइ र अनुग्रहलाई प्रकट गर्नेछ। परमेश्वरबाट लुक्न चाहने र खराब मानिसहरू पश्चाताप गरेर उहाँकहाँ आयो भनेर उहाँले तिनीहरूलाई सदाशय र दया देखाउनुभएर गरिने न्याय उचितको हुनेछ भनेर तिनीहरू ढुक्क हुनसक्छन्।

यस ब्रम्हाण्डमा रडाको मच्चाइरहेको महान् द्वन्द्वसँग सम्बन्धित न्यायको बारेमा यस अध्यायमा गहिरोसँग हेर्न प्रयास गर्नेछौं। नआइनहुने न्याय आउँदा (प्रेरित २४:२५) परमेश्वरकै भक्त जनहरूले कसरी समाना गर्नेछन् भनेर पनि हामी यस अध्यायमा हेर्नेछौं।

## १. न्यायको समयको महत्त्व

युगौं युगदेखि चर्किरहेको असल र खराबको बारेमा भइरहेको महान अन्तर्द्वन्द्वको **चरम बिन्दुको विवरण बाइबलको** अन्तिम पुस्तक प्रकाशको पुस्तकले केन्द्रिभूत गरेको छ। स्वर्गको महामहिम स्वर्गदूत लुशिफर, परमेश्वरको सिहाँसन ताक्न उहाँको विद्रोह गरेको थियो। परमेश्वरको न्याय, ठिक र उच्चित कार्य, र वौद्धिक क्षमतालाई लुशिफरले चुनौति दिएको थियो। जगत ब्रम्हाण्डलाई परमेश्वरले शासन गर्ने पद्धति न्यायी र उचित छैन भनेर उसले आरोप लगाएको थियो। प्रकाशको पुस्तकले वर्णन गरेको अन्तिम न्याय नै परमेश्वरको चरित्रको विवादको केन्द्रविन्दु थियो।

**प्रकाश १४:७मा यसरी लेखिएकोछः "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" "अनन्तको सुसमाचार" उल्लेख गरेबितिकै पहिलो स्वर्गदूतले परमेश्वरको इन्साफको बारेमा बताएको किन महत्त्वपूर्ण छ? "अनन्तको सुसमाचार"सँग परमेश्वरको इन्साफको के सरोकार छ?**

सुसमाचार र इन्साफ दुवै पहिलो स्वर्गदूतका भागहरू हुन्। ती दुवै एक आपसमा अलग गर्न नसकिने गरेर बुनिएको छ। यदि "अनन्तको सुसमाचार" भएन भने परमेश्वरले गर्नुहुने न्यायमा हाम्रो केही आशा हुने थिएन। अझ हामीले यो हेर्नेछौं कि इन्साफको घडीमा हाम्रो केवल आशा "अनन्तको सुसाचार" हो। त्यसकारण इन्साफको घोषणामा सुसमाचारको विषय हुनु स्वाभाविकै मान्नुपर्दछ।

यस इन्साफको समयमा पतन नभएका सारा संसारले यो देख्नेछन कि मानिसलाई पापबाट मुक्ति दिलाउन परमेश्वरले सबै प्रयास गर्नुभएको थियो। यस इन्साफले परमेश्वर न्यायी, दयालु र सदाशयी हुनुहुन्छ भनेर प्रकट गर्दछ। यसले परमेश्वरको प्रेम र व्यवस्थाको बारेमा बोल्दछ। यस इन्साफमा मानिसलाई बचाउन उहाँले अनुग्रहलाई परिचालन गर्नुभएको र भक्तहरूलाई उद्धार गर्न उहाँको शक्ति उपलब्ध भएको बारेमा बताउँछ।

परमेश्वरको इन्साफ नै पापको समस्याको अन्तिम समाधानको भाग हो। यस जगतमा भइरहेको असल र खराबको भिषण बैचारिक द्वन्द्वमा सैतानले लगाएको आरोपलाई क्रूसद्वारा परमेश्वरले जवाफ दिनुभएको थियो, तर न्यायको समयमा हामीलाई बचाउन र क्रूसतिर अगुवाइ गर्न परमेश्वरले सबै सम्भावनाहरू कार्यान्वयन गर्नुभएको थियो भनेर प्रकट गर्दछ।

स्वर्गको असिमित लेखाहरू विस्तृतरूपमा मिनेट मिनेट गरेर ठ्याकै खोलिनेछ (दानिएल ७:१०)। परमेश्वरको सामु हामी बहुमूल्य भएकै कारणले सारा विश्वब्रमाण्डको ध्यान हामीमाथि केन्द्रित गरेर एक छिन रोकिनेछ। पवित्र आत्माको अनुरोधलाई र कलभरी क्रूसमा ख्रीष्टले उपलब्ध गराउनुभएको मुक्तिलाई ग्रहण गर्न हामीले कस्तो निर्णय गरेकाछौं सो विश्वब्रम्हाण्डले बढो चासो लगाएर नियाल्नेछ।

**भजन ५१:१-४ ध्यान दिएर पढ्नुहोस्, विशेष गरेर पद ४लाई हेर्नुहोस्। परमेश्वरले गर्नुहुने न्यायको अर्थ र लक्ष्यलाई ती पदहरूले हामीलाई कसरी बुझाउन खोजिएको छ? हेर्नुहोस्, "१ हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। २ मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्। ३ किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। ४ तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही**

**गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ।"**

## २. परमेश्वरको दया र न्याय

परमेश्वर न्यायी र दयालु हुनुहुन्छ भन्ने प्रमाण क्रूस र उहाँको इन्साफले प्रकट गर्दछ। परमेश्वरको दश आज्ञाहरू भङ्ग गरेकोले यसले पापीको मृत्युको माग गर्दछ। न्यायको नीतिले यो घोषणा गर्दछ, "पापको ज्याला मृत्यु हो।"  तर त्यसको प्रत्युत्तरमा दयाले यो उत्तर दिन्छ, " हो, पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३। यदि परमेश्वरको व्यवस्था परिवर्तन गर्न सक्नेभए वा निलम्बन गर्ने भए येशूको मृत्युको आवश्यकता नै थिएन। येशूको मृत्युले व्यवस्थाको अमरत्व स्वभावलाई कायम राख्दछ, र न्यायको आधार नै व्यवस्था हो।

**प्रकाश २०:१२ पढ्नुहोस्। हामीलाई न्याय गर्ने आधारके हो? हाम्रा असल कामहरूसँग हाम्रो मुक्तिको के सरोकार छ? "मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो।"**

हामी परमेश्वरप्रति बफादारी छौं कि छैनौं र हाम्रा निर्णयहरू कस्तो छ सो हाम्रो क्रियाकलापले प्रकट गर्दछ। एफिसी २:८,९ले बताउँछ, " किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो। कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।" जब ख्रीष्टले हामीलाई उद्धार गर्नुहुन्छ र परिवर्तन गर्नुहुन्छ तब "हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हुन्छौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"
एफिसी २:६-१०।

पवित्र आत्माद्वारा शक्तिसम्पन्न गराएर हामीले गर्ने असल कामले हामीलाई मुक्ति दिँदैन, तर हाम्रो विश्वास सच्चा र पक्का छ भनेर हाम्रा असल कामहरूले प्रमाणित गर्दछ। परमेश्वरले गर्नुहुने अन्तिम इन्साफमा हामीहरूमा भएका देखावटीपना, पाखण्डीपना, झुटो र छलकपट, खराब नियतहरू सबै

उघारिनेछ। ती सबै दुर्गुणहरू हाम्रो नशा नशामा छ। न्यायको समयमा परमेश्वरको सामु हामी उभिन्दा कस्तो हुन्छ भनेर एलेन जी ह्वाइटले प्रभावकारी दिव्यज्ञान हामीलाई दिएकी छिन्, सुसमाचार र न्याय सँगसँगै जान्छ भनेर उनले यसरी व्यक्त गर्दछिन्ः

"परमेश्वरका उद्धार पाएका मानिसहरू नै उहाँको सामु फोहरी लुगा लगाएर उभिएका छन् भन्ने देखाएकोमा कतिको संवेदनशील हुनुपर्छ भनेर देखाउँदछ। उहाँको नाउँको दावी गर्ने सबै नम्र भएर हृदयहरू खोतल्नुपर्छ भनेर त्यसले देखाउँछ। सत्यलाई पालन गरेर आफ्ना आत्माहरूलाई शुद्ध पार्नेहरूले नम्र भएर आफूहरू कतिको कमजोर छु भनेर महसुस गर्दछन्। जति स्पष्टरूपमा ख्रीष्टको निर्दोष चरित्र तिनीहरूले देख्छन् त्यति तिनीहरू पनि उहाँको स्वरूपमा परिवर्तन हुन तिब्र चाहना गर्नेछन् र आफूमा शुद्ध गर्ने वा पवित्र गर्ने कुनै तत्व छैन भनेर तिनीहरूले महसुस गर्नेछन्। जब हाम्रो पापमय अवस्थालाई महसुस गर्दै गर्छौं तब हाम्रो धार्मिकता, पवित्रता र उद्धाकर्ता ख्रीष्ट नै हुनुहुन्छ भनेर उहाँमाथि भर पर्ने हुन्छौं। सैतानले ल्याएका अनेकौं आरोपहरूको खण्डन हामी गर्न सक्दैनौं। हाम्रो निम्ति प्रभावकारीरूपमा बिन्तिभाउ गर्नुहुने ख्रीष्ट येशूमात्र हुनुहुन्छ। सैतानले हाम्रो विरुद्धमा आरोप लगाउँदा त्यसबाट सफाइ पाउन हाम्रा धर्मकर्म, पुनित काम, परोपकारिय र असल काममा होइन येशूको आफ्नै कामले हामीलाई निर्दोष हुन पुग्छौं।"- *टेस्टिमोनिज फ द चर्च, ठेली ५, पृ. ४७१, ४७२।*

**एलेन जी. ह्वाइटको कथन अनुसार न्यायलाई सुसमाचारबाट अलग राख्न सकिंदैन भनेर तपाईंले कसरी देख्नुहुन्छ? सुसमाचार र न्यायको सम्बन्धले हामीमा के आशा पल्हाउन सक्छ?**

## ३. अत्यन्तै महिमित र महान् दृश्य

दानिएल र प्रकाशक दुई भविष्यवाणीका पुस्तकहरू हुन् जुन् सँगसँगै अध्ययन गर्नुपर्छ। दुवैले पृथ्वीको अन्तिम इतिहासका दिनहरूमा हुने विभिन्न घट्नाहरू उघार्दछ। इन्साफको समय आयो भनेर प्रकाशको पुस्तकले वर्णन गर्छ भने त्यो इन्साफ कहिले देखि सुरु भयो भनेर दानिएलको पुस्तकले प्रकट गर्दछ।

दानिएल ७मा अगमवक्तालाई विश्वको इतिहास परमेश्वरले प्रकट गर्नुहुन्छ। विश्वका राष्ट्रहरूको उदय र पतन हुन्छन्। परमेश्वरका

जनहरूलाई सताउने र सास्ती दिने शक्तिहरूको उदय हुन्छ। बेबिलोन, मिडपर्सिया, ग्रीस, रोम, रोमी साम्राज्य टुक्रिनेछ भनेर वर्णन गरेपछि १२६० वर्षसम्म चर्चलाई सताउने शक्तिको उदय हुनेछ भनेर दानिएलले लेख्दछन् (दानिएल ७:२५; प्रकाश १२:६ ,१४)। अनि स्वर्गको महिमित घट्नालाई परमेश्वरले दानिएलको दिमागमा राख्नुहुन्छ। त्यसबेला सबै थोकहरू ठिक हुनेछन् भन्ने आश्वासन पनि दानिएललाई दिइन्छ। राष्ट्रहरूको उदय र पतन र यस संसारमा दमन गर्ने शक्तिहरूलाई देखाएपछि परमेश्वरले दानिएलको ध्यान जगतको सिंहासनको कोठामा लगाउँछ जहाँ परमेश्वरले गर्नुहुने अन्तिम इन्साफ पछि प्रत्येक गल्तीहरूलाई ठिक ठाउँमा राख्नुहुनेछ र अनन्तको धार्मिकताको राज्य स्थापना गर्नुहुनेछ भन्ने निर्णय दानिएललाई महसुस गराउँछ।

यस विश्वमा हुने गन्जागोल र राष्ट्रहरूको बीचमा हुने द्वन्द्वबाट भविष्यवाणीको स्वप्नदर्शन दानिएललाई स्वर्गको पवित्रस्थानको महिमालाई देखाइएको थियो। सारा जगतको सर्वोच्च अदालतमा येशू न्याय गर्न बसिरहनुभएको थियो। यस संसारको आधिकारिक शासक उहाँ नै हुनुहुन्छ। उहाँको प्रभुत्वमा रहेको यस पृथ्वीको राज्य येशूले पाउनेछ भन्ने त्यस दर्शनमा दानिएललाई देखाइएको थियो।

**दानिएल ७:९,१०,१३ पढ्नुहोस्। ती पदहरूमा दानिएलले के देखे सो कसरी वर्णन गरिएको छ? यस इन्साफको अन्तिम नतिजा के हुनेछ? हेर्नुहोस् दानिएल ७:१४,२६,२७।**

**"९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए।न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।... १३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो।" र "१४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको**

**आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।... २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्।"**

सारा मानव जातको भविष्य स्वर्गमा रहेको अदालतले निर्णय गर्दैछ। सत्यको जित हुनेछ। न्यायले शासन गर्नेछ। यहाँ लेखिएको दृश्य बाइबलका सबै दृश्यहरूमा एक शानदार, अत्यन्तै अचम्मको र आश्चर्यजनक छ। परमेश्वरका विश्वासीहरूको निम्ति यो घट्नाको अन्त्य शुभ समाचार हो। जो भक्तहरू ख्रीष्टको धार्मिकताको वस्त्र लगाएको हुन्छ तिनीहरूको भविष्य उज्ज्वल छ।

सारा विश्वब्रम्हाण्डको उपस्थितिमा येशू उहाँको स्वर्गको पिताकहाँ आउनुहुन्छ। जगतका सारा जीवहरू परमेश्वरको सिहाँसनको वरिपरि घेरिन्छ। पतित नभएको सारा जगत यस इन्साफको दृश्यलाई अचम्म मानेर श्रद्धापूर्वक हेरिरहेको हुन्छ। हजारौं वर्षसम्म भइरहेको संघर्ष सदाको निम्ति अन्त हुनेछ। जगतको सिंहासनको निम्ति भएको युद्ध सदाको निम्ति निर्णायक भएर पूरै समाप्त हुनेछ।

**यस पृथ्वीमा भएका एक पछि अर्को साम्राज्यहरूको उदय र पतन भएको दानिएलले देखेको दर्शन ठिक थियो। त्यसकारण, "अनन्तको राज्य कहिल्यै पनि बितिनेछैन" भनेर उल्लेख गरेको परिप्रेक्ष्यमा परमेश्वरको वचनमा भरोसा राख्नु किन उचित देखिन्छ?**

## ४. स्वर्गको झलक

यूहन्नाले स्वर्गको ढोका खोलेको देख्छन् र उनलाई यो आमन्त्रण गरिएको छ, "यतामाथि आऊ, र अब यसपछि जुन कुराहरू हुनुपर्छ सो म तिमीलाई देखाउनेछु।" प्रकाश ४:१। स्वर्गको पवित्रस्थानबाट अनन्त युगदेखि भइरहेको असल र खराबको बीचमा भइरहेको महान् भिषण द्वन्द्वको दृश्य हेर्न येशूले यूहन्नालाई बोलाउनुभएको थियो। हामीपनि यूहन्नासँगै त्यस खुलेको ढोकाबाट अनन्तदेखि बनाइएको मुक्तिको योजनालाई देख्न सक्छौं। स्वर्गको

अदालतमा के विषयहरूमा इन्साफ भइरहेको छ त्यसफो प्रत्यक्षदर्शी हामी पनि हुन सक्छौं। असल र खराबको बीचमा भइरहेको महान् भिषण द्वन्द्वको आधारभुत विषयबस्तुहरू हाम्रै आँखाको अगाडि बढिरहेको हामी देख्न सक्दछौं।

**दानिएल ७को अदालतको दृश्यसँग प्रकाश ४:२-४ कसरी मिल्छ, हेर्नुहोस्, "म तुरुन्तै आत्मामा भएँ। हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस सिंहासनमा विराजमान हुनुहुन्थ्यो। त्यहाँ विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै देखिन्थ्यो, र सिंहासनको वरिपरि पन्नाजस्तो इन्द्रेनी थियो। त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा सुनका मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखें।"**

यूहन्नाले देखेको दृश्य पनि स्वर्गको सिंहासन थियो। स्वर्गका जीवहरू वरिपरि रहेको सिंहासनमा परमेश्वर पिता बसिरहनुभएको थियो। परमेश्वरले इन्साफ गर्नभएको प्रतिकमा त्यहाँ बज्र पर्छ र बिजुली चम्किन्। प्रकाश ४:४मा २४ जना एल्डरहरू परमेश्वरको सिंहासनको वरपरि उपस्थिति भएको पनि हामी हेर्न सक्छौं।

ती २४ एल्डर वा धर्मगुरुहरू को हुन्? पौराणिक इस्राएलमा लेबी कुलको पुजारीमा २४ विभाजनहरू थिए। ती पुजारीहरू परमेश्वरको सामु मानिसहरूका प्रतिनिधि थिए। १ पत्रुस २:९मा नयाँ करारका विश्वासीहरू "चुनिएका बंश," "राजकीय पुजारी" भनेर पत्रुसले घोषणा गर्दछन्। २४ एल्डरहरू पनि मुक्ति पाएका सारा जनहरूको प्रतिनिधित्व गरेको हुनसक्छ। ती जनहरू एकदिन परमेश्वरको सिंहासन वरिपरि घेरेर आनन्द मनाउने छन्; वा शायद तिनीहरू ती मानिसहरू हुन सक्छन् जब येशूको पुनरुत्थान भयो र उहाँसँगै स्वर्गमा उक्लेका थिए (मत्ती २७:५२, एफिसी ४:७,८)।

जेभएतापनि यो शुभ समाचार हो। परमेश्वरको सिंहासनको वरिपरि मुक्ति पाएका केही जनहरू छन्। तिनीहरूले पनि हामीले जस्तै परिक्षाहरूको सामना गरेका थिए। येशूको अनुग्रह र पवित्र आत्माको शक्तिले तिनीहरूले बिजय प्राप्त गरेका थिए। तिनीहरूले "सेतो वस्त्र" लगाएका थिए। त्यसको अर्थ तिनीहरूलाई ख्रीष्टको धार्मिकताको वस्त्र लगाएको र तिनीहरूका पापहरूबाट तिनीहरू सफाइ पाएको देखाउँछ। तिनीहरूका शिरहरूमा सुनको मुकटहरू थिए। त्यसको अर्थ तिनीहरू यस संसारमा भएको दुष्ट र खराबसँग

मुकाबिला गरेर जित्न सफल भएका थिए भनेर देखाउँछ। अनि तिनीहरू विश्वासले भरिएका विश्वासीहरू स्वर्गको राजकीय पङ्क्तिमा उभिन पाउने हुन्छन्।

स्वर्गको सिंहासनमा परमेश्वर विराजमान हुनुभएको हामी देख्दछौं। त्यस सिंहासनको वरिपरि स्वर्गका जीवहरू छन्, अनि छिटै परमेश्वरको प्रशंसाको स्वर उच्च उच्चमा गुञ्जिरहनेछः "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११।

## ५. येशू योग्यको हुनुहुन्छ

प्रकाश ५:१-४मा हामी फेरि सिंहासन देख्दछौं। त्यसबेला दुवैतिर लेखिएको कागजको मुठ्ठा निकालिन्छ। यसलाई ईश्वरीय लालमोहरको लाहा छाप छ। स्वर्ग र पृथ्वीमा भएको कुनै जीवले पनि त्यो मुठ्ठा खोल्न सकेको थिएन। स्वर्गका सारा जीवहरू थरथर काँम्छन्। यो त गम्भिर मामिला थियो। संसारको निम्ति भएको अन्तिम इन्साफमा कोही स्वर्गदूतले प्रतिनिधित्व गर्न सक्दैनथ्यो। कसैले पनि त्यो मुठ्ठा खोल्न नसकेकोमा यूहन्ना धुरुधुरु रुँछन्। अनि पृथ्वीबाट मुक्ति पाएका एल्डरहरूमा एक जनाले यूहन्नाको हृदयमा उत्साहका शब्दहरू बोल्छन्। परमेश्वरको थुमा येशू त्यस मुठ्ठा खोल्न योग्य हुनुहुन्छ।

पापको समस्याको प्रश्नको अन्तिम जवाफ यूहन्नाले देखेको प्रकाश ५:५मा वर्णन गर्छन्। परमेश्वरको सिंहासनमा भएको अन्तिम इन्साफमा कोमात्र पार गर्न सक्छ सो यहाँ बृद्ध अगमवक्ताले देख्दछ। " ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्।" प्रकाश ५:५-६।

**प्रकाश ५:८-१२ पढ्नुहोस्। इन्साफको मुठ्ठा खोल्न र हामीलाई मुक्ति दिन येशूमात्र योग्य हुनुहुन्छ भनेर घोषणा गर्दा सारा स्वर्गले कसरी सुस्केरा**

हाले? हेर्नुहोस्, "जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।"

परमेश्वरको थुमा येशू, जसले सारा मानव प्राणीको मुक्तिको निम्ति आफ्नो जीवन दिनुभयो, उहाँले इन्साफको मुठ्ठा लिनुहुन्छ र खोल्नुहुन्छ। सारा स्वर्ग खुशीको लहरले पड्कन्छ। सैतानको परिक्षमा उहाँले पाउनु भएको विजय, क्रूसमा उहाँको मृत्यु, उहाँको पुनरुत्थान, स्वर्गमा उहाँको प्रधान पूजारीको सेवाकार्यले सबैलाई मुक्ति उपलब्ध गराएको छ। तर त्यो मुक्ति एउटा सर्तमा पाइन्छ त्यो हो उहाँको अनुग्रहलाई विश्वासद्वारा स्वीकार गर्नुपर्दछ। परमेश्वरका जनहरूको निम्ति इन्साफको समय अचम्मको असल सन्देश हो। यसले पापको प्रभुत्वको अन्त र परमेश्वरका जनहरूको उद्धारको बारेमा बताउँदछ।

यो भन्दा उत्साहप्रद अरू के होला? हाम्रो निम्ति न्याय अदालतमा येशू उभिरहनुभएको छ। उहाँको सिद्ध धार्मिकताले हामीलाई छोप्दछ। उहाँको धार्मिकता हामीभित्र काम गरेर हामीलाई नव जीवन दिन्छ। उहाँको अनुग्रहले हामीलाई क्षमा दिन्छ, हामीलाई परिवर्तन गर्छ र ईश्वरीय जीवन बिताउन हामीलाई शक्तिसम्पन्न गर्दछ।

हामी डराउनु पर्दैन। हाम्रो निम्ति येशू न्याय अदालतमा उभिरहनुभएको छ र खराबका शक्तिहरू हारिएका छन्। परमेश्वरका जनहरूको पक्षमा इन्साफ गरिएको छ (दानिएल ७:२२)। इन्साफको लक्ष्य हामी कतिको खराब छ भनेर देखाउने होइन तर परमेश्वर कतिको असल हुनुहुन्छ भनेर प्रकट गर्दछ।

फेरि इन्साफमा हामीले पाउने महान् आशाको बारेमा सोच्नुहोस्ः हाम्रो बदलिमा येशू त्यहाँ उभिरहनुभएको छ। त्योमात्र हाम्रो किन आशा हो?

**उपसंहारः**

**थप जानकारीः** अन्तिम समयमा परमेश्वरका जनहरूको अवस्था, इन्साफको समय र संसारको अन्तको बारे एलेन जी ह्वाइटको भनाइ अत्यन्तै प्रभावकारी छ। हेर्नुहोस्:

"परमेश्वरको दयामामात्रै आशा छ; विश्वासीहरूलाई सुरक्षा राख्न केवल प्रार्थनामात्र हुनेछ। जसरी यहोशू स्वर्गदूतसँग बिन्ति गर्दै थिए, त्यसरी नै बचेखुचेको चर्चले भित्री हृदयदेखि विश्वास गरेर चुर्ण हृदय भएर तिनीहरूको वकिल येशूद्वारा क्षमा र उद्धारको निम्ति बिन्ति गर्नेछ। तिनीहरूको जीवनको पापमय स्वभावप्रति तिनीहरू पूरै सजग छन्। तिनीहरूले आफ्नो कमीकमजोर र अयोग्यपनालाई हेर्दछन्। तिनीहरूले आफूहरूलाई हेर्दा नैराश्यतामा लाग्न तिनीहरू तयार हुन्छन्। सैतानले तिनीहरूलाई दोष दिँदै तिनीहरूको नजिक उभिरहेका हुन्छन्, जसरी यहोशूलाई पछार्न ऊ तयार थियो। तिनीहरूको कमजोरी चरित्र र फोहरी लुगा उसले औँल्याउँछ। तिनीहरूको कमीकजोरी र मूर्खतालाई उसले औँल्याउँछ, परमेश्वरप्रति आभारित नभएका पापहरूलाई उसले औँल्याउँछ। तिनीहरू येशू जस्तै छैन र कतिपय समयमा तिनीहरूको मुक्तिदाताको अपमान गरेका थिए भनेर उसले आरोप लगाउँछ...हो, परमेश्वरका जनहरूले कतिपय समयमा गलत काम गरेको हुनुपर्छ। मानिसहरूलाई पापमा फसाउन चालबाजी खेलेको ज्ञान सैतानलाई राम्रै थाहा छ, अनि ती पापहरूलाई बढाइ चढाइ घोषणा गर्नेछः 'के परमेश्वरले मलाई र मेरा स्वर्गदूतहरूलाई उहाँको उपस्थितिबाट पलायन गर्नुहुनेछ र, त्यही खालको पाप गरेका मानिसहरूलाईचाहिँ अनन्त जीवन दिने र ? हे प्रभु, तपाईँ न्यायको परमेश्वर हुनुहुन्छ, तपाईँले त्यसो गर्न सक्नु हुन्न। तपाईँको सिंहासन न्यायी र धार्मिकता बिना रहँदैन। तिनीहरूको विरुद्धमा इन्साफ गरियोस भन्ने न्यायको माग छ।" हो, येशूका भक्तहरूले पाप तर, तर तिनीहरूले आफूहरूलाई सैतानको बशमा राख्न दिएको थिएन। तिनीहरूले तिनीहरूको पापलाई पन्छाइ दिएका छन्, र नम्र र कोमल भएर तिनीहरूले प्रभुको भरोसामा बसेका थिए र तिनीहरूको निम्ति ईश्वरीय वकिलले पहल गर्नु हुनेछ। पाप थाहा नपाउने र पश्चाताप गर्नु भन्नु के हो थाहा नपाउने येशूलाई मानिसहरू उहाँप्रति आभारित नभएर अत्यन्तै दुर्व्यवहार गरेका थिए। उहाँले सैतानलाई यसरी हप्काउनुहुनेछः "ओ सैतान प्रभुले तिमीलाई हप्काउन्। तिनीहरूको निम्ति मैले ज्यान दिएँ। तिनीहरूको नाउँ मेरा हत्केलाहरूमा खोपिएको छ।"- *टेस्टिमोनिज फर द चर्च*, ठेली ५, ४७३,४७४।

**चिन्तनमननः**

अ. "इन्साफको घडी आएको छ," भन्ने ज्ञानले हाम्रो दैनिक जीवनलाई कसरी असर पार्न सक्छ? यदि हामी प्रायजसो इमान्दारी भएर बोल्दा त्यसले असर पार्दैन भन्ला होइन र? हामी कसरी परिवर्तन हुन सक्छौं?

आ. इन्साफको समाचार असल हो खराब किन होइन? न्यायमा हाम्रो लागि येशूको भूमिका के छ? यसले गर्दा हामी उहाँप्रति विश्वासयोग्य हुन कसरी घचेड्न सक्छ? उहाँले हामीलाई के गर्नुभयो त्यसमामात्र हाम्रो मुक्तिको आशा छ भन्ने आत्मज्ञान के येशूको कार्यले हामीलाई दिँदैन र?

इ. इन्साफको बारेमा अझ सोच्नुहोस्। यसले सारा विश्वब्रम्हाण्डलाई परमेश्वरको चरित्रलाई प्रकट गर्दछ। यो धारणा परमेश्वर र सैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्द्वको परिवेशमा कसरी मिल्दछ?

# कथा ५

## चकित पार्ने पाथ फाइन्डर विज्ञापन

## ल्वाइडा, स्पेन



१२ वर्षको उमेरमा जब बाबुआमाले पारपाचुके गरे तब ल्वाइडाको संसार भत्किन पुगेको थियो। उनका बाबुआमा सेभेन्थ-डे एडभेन्टिस्ट नै थिए। ल्वाइडा एडभेन्टिस्ट संस्कारमा नै हुर्केकी थिइन्। जब उनका बाबुआमाले पारपाचुके गरे तब तिनीहरू चर्च जान छोडे। उनको बाबुलाई चर्चबाट अलग गराइएको थियो। ल्वाइडाको मनमा चर्चप्रति रिस गुम्सिएको थियो। प्रेमिलो चर्चले आफ्नो बाबुलाई कहिल्यै पनि निष्कासन गर्दैन भनेर उनले सोचेकी थिइन्। जब आफूमा भएको रिस भावनाहरूलाई चर्चका मानिसहरूलाई पोखाए तब तिनीहरूले भने कि उनको बाबुले पाप गरे। त्यसबेला ल्वाइडा पाथफाइन्डर क्लबमा सक्रिय थिइन् र बप्तिस्माको निम्ति तयार गर्दै थिइन्। चर्चका कतिपय विश्वासीहरूले उनलाई यो पनि भन्न थाले कि उनी बप्तिस्माको निम्ति तयार छैन। "तिम्रो मन शान्त भएपछिमात्र बप्तिस्मा लिनु बेस हुनेछ," भनेर एक जना चर्चको सदस्यले उनलाई सुनाए। अब, ल्वाइडाले बप्तिस्मा नलिने निर्णय गरिन्। उनी चर्चमा पनि जान छोडिन्। जब उनी चर्च जान छोडिन् उनलाई चर्चका कुनै पनि व्यक्तिले सम्पर्क गरेन। चर्चको पास्टर र सदस्यले पनि उनलाई वास्ता गरेन। आफू सञ्चो बिसन्चो भएको सोधुन् र बप्तिस्माको निम्ति बाइबल पढ्दै गर्नु भनेर कसैले उत्साह दिएको उनले चाहेकी थिइन्। तर कसैले पनि उनलाई वास्ता गरेन।

तीस वर्ष बित्यो। ल्वाइडाले बिवाह गरिन् र पहिलो श्रीमानको मृत्युपछि अर्को विवाह गरिन्।

एक दिन जब उनले सामाजिक सञ्जाल हेर्दै थिइन् तब उनले पाथफाइन्डर क्याम्पको विज्ञापन देखिन्। आफै भूतपूर्व पाथफाइन्डर भएकोले त्यसबारे अझ जान्न उत्सुक भइन्। उनको सञ्जालमा त्यो विज्ञापन किन देखा परे त्यो उनलाई थाहा भएन। उनको कुनै एडभेन्टिस्ट साथी थिएन न त चर्चसँग कुनै सम्पर्क नै।

जब ल्वाइडाले सञ्जालमा विज्ञापन हेर्दा क्याम्पहरूको पुरानो भिडियो पनि देखाएको थियो। जब उनले भिडियो हेरिन् तब उनको आँखाबाट आँशु

झर्न थाले। उनी चर्च गएको र पाथफाइन्डर कार्यक्रमहरूमा आफू समावेश भएको उनले सम्झिन्। परमेश्वरसँग फेरि सम्बन्ध गाँस्ने बलियो चाहना उनमा भयो। उनले एडभेन्टिस्ट चर्चको बारेमा अनलाइनमा हेरिन् र थाहा देखिन् कि त्यसमा धेरै प्रवचनहरू पनि थिए। उनी हप्ताभरी नै प्रवचनहरू सुन्न समय बिताइन्। उनले साप्ताहिक प्रार्थना सभा र चर्चका अरू कार्यक्रमहरू हेर्न थालिन्। केही भिडियोहरू आफ्नी ८ वर्षकी छोरीलाई पनि देखाइन्। "यस चर्चमा मेरो जरा छ," भनेर उनले सुनाइन्। पाथफान्डर क्याम्प भिडियोहरू देखेर उनकी छोरी भालेरिया आकर्षित भइन्।

"आमा, तपाईँ चर्चमा किन जानुहुन्न," छोरीले सोधिन्। त्यसको जवाफ ल्वाइडासँग थिएन। "मलाई थाहा छैन," उनले जवाफ दिइन्। आफू सानो हुँदा चर्च जान रोकेको धेरै कारणहरू थिए भनेर उनले सोचेकी थिइन्। तर, ठूली भएपछि चर्च नजाने कुनै असल कारणहरू नभएको उनले महसुस गरिन्।

भालिरियलाई पाथफाइन्डर क्यम्पमा जानु भनेर आमाले अऱ्हाइन्। चर्चमा सहयोगको निम्ति कसैसँग सम्पर्क गर्न नसकेको उनले सोचेकी थिइन्। तब उनले उनको पुरानो एडभेन्टिस्ट साथीलाई सम्झिन्। उक्त साथीले आमा र छोरीलाई पाथफान्डर क्याम्पमा सरिक हुन सघाए। यो अत्यन्तै गजबको अनुभव थियो! आफ्नी छोरीहरूहरूसँग राम्ररी घुलमिल गरेको देखेर ल्वाइडा धेरै खुशी भइन्। क्याम्पपछि उनी र उनकी छोरी सँगसँगै बाइबल पढ्ने निर्णय गरे। दुई वर्षपछि ल्वाइडाले आफ्नो हृदय येशूलाई दिइन् र बप्तिस्मा लिइन्। उनी धेरै खुशी थिइन्।

अहिले वर्ष १० की भालेरिया बाइबल अध्ययन गर्दैछिन्। आफू पनि बप्तिस्मा लिने आशा उनले गरिरहेकी छिन। ल्वाइडाका आफ्नै सपनाहरू छन्। उनी र उनकी छोरी केवल थोरै एडभेन्टिस्टहरू भएको सानो सहरमा थिए। उनी स्पेनको सागुन्टोमा सर्न चाहेकी छिन्। त्यहाँ एडभेन्टिस्टहरू ठूलो सँख्यामा छन्। उन चर्चको क्रियाकलापमा सक्रिय हुन चाहेकी छिन्। उनकी छोरी एडभेन्टिस्ट स्कूलमा पढोस् भनेर उनले चाहना गर्दछिन्।

पाथफान्डर विज्ञापना उनको सञ्जालमा अचानक देखा परेकोले उनी खुशी छिन्। "तीस वर्षदेखि मेरो जीवनमा केही न केही अभाव भएको मैले महसुस गरिरहेको थिएँ। अब चर्च र परमेश्वरतिर फर्केकी छु। मेरो जीवन पूरा भएको छ।

*-आन्ड्र्यु मेकचेस्नी*